**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ३० अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- कोलकाताको एक होटलमा भएको आगलागीमा परि मर्नेहरूको संख्या 14 पुगेको छ। राष्ट्रपति, प्रधानमन्त्री र मुख्यमन्त्रीले शोक समवेदना व्यक्त गर्नु भएको छ।
- आईसीएसईको कक्षा दश र आईएससी कक्षा बाह्रको परीक्षा परिणाम घोषित
- गरिएको छ। छात्रहरूको तुलनामा छात्राहरूले उत्कृष्ट प्रदर्शन गरेका छन्।
- जीटीएद्वारा नियुक्त 313 शिक्षकहरूको मुद्दामा कोलकाता उच्च न्यायालयले आगामी सुनुवाई 17 जुन 2025 को दिन गर्ने छ।
- केन्द्रीय मंत्रीमण्डलले आगामी जनगणनामा जातीय गणनालाई सामेल गरिने निर्णय गरेको छ।

**मुख्यमंत्री जगन्नाथ मन्दिर**

मुख्यमंत्री ममता व्यानर्जीलजे आज अक्षय त्रितीय को अवसरमा दीघामा नवनिर्मित श्री जगन्नाथमन्दिरमा विग्रहको प्राण प्रतिष्ठा सामारोहमा सहभगिता गर्नुभयो। यसका साथै मन्दिर उद्घाटन तथा प्राण प्रतिष्ठा महायज्ञ आज भव्य रूपमा सम्पन्न भयो। यस अवसरमा बोल्दै सुश्री व्यानर्जीले भन्नुभयो भगवान श्री कृष्ण बलभद्र तथा सुभद्राको पाद स्पर्शले पश्चिम बंगालको माटो झान पवित्र भएको छ। उहाँले माँ, माटी, मानुष कल्याण ईश्वरले अवश्यै गर्नुहुनेछ भन्नुभयो उहाँले अझ भन्नुभयो- आजको या विशेष दिनले राज्यमा नयाँ प्रकाश छर्नेछ। उहाँले र्धमको प्रचयार मुखली कहलै गरिन्दैन तर धर्मले हृदय स्र्पश गर्दछ। धर्मको प्रचार हुन्दैन भन्दै धर्मलाई हृदयमा ग्रहण गरिन्छ भन्नुभयो। विश्वमा कलयाण शान्ति सौहार्दको कामना पनि मुख्यमंत्रीले गर्नुभयो। यो नवनिर्मित श्री जगन्नथ धाम तीर्थ क्षेत्र आम जनताको मिलन क्षेत्र बनोस भन्ने कामना पनि उहाँले गर्नुभयो।

**कोलकाताको होटलमा आगलागी**

कोलकाताको मेछुआ बजारमा रहेको होटल ऋतुराजमा हिज राति आगलागी हुँदा कम्तीमा 14 जनाको मृत्यु भएको छ। यस क्रममा सात जनालाई सकुशल उद्धार गरिएको छ। जानकारी पाउने बित्तिकै राज्यका मुख्यमन्त्री ममता ब्यानर्जीले फोन गरेर दुर्घटनाको बारेमा जानकारी लिनु भयो | स्थानिय मानिसहरु अनुसार, मंगलवार राति लगभग 8:30 बजी होटल ऋतुराजमा आगो लागेको देखिएको थियो । यसपछि दमकल विभागलाई खबर गरियो। लगभग 10 वटा दमकलका गाडीहरूले घटनास्थलमा राति लगभग 11:30 बजी आगोलाई नियन्त्रित गर्न सकियो। अग्निशमन कर्मीहरू र आपदा राहतकर्मीहरूले कोठाहरूमा प्रवेश गरी तलासी गर्दा 13 जनाको शव निकालिएको अधिकारीहरूले बताएका छन्।अधिकारीहरूका अनुसार, घटना भएको समयमा ठूलो पानी परिरहेको थियो। होटलको छतमा फसेका सात जनालाई पनि हाइड्रोलिक सीढीको मद्दतले सकुशल उद्धार गरिएको छ। नगर निगम मन्त्री तथा मेयर फिरहाद हाकिम बाहेक मन्त्री शशि पाञ्जा र प्रदेश कांग्रेस अध्यक्ष शुभंकर सरकारले पनि घटनास्थलको भ्रमण गरेका थिए। यसैबीच प्रधानमंत्री नरेन्द्र मोदीले होटल ऋतुराजमा लागेको भीषण आगोको कारण ज्यान मालको क्षति भएकोमा दुख प्रकट गर्नु हुँदै आर्थिक सहयोगको घोषणा गर्नु भएको छ |प्रधानमंत्री मोदीले शोक संदेशमा प्रत्येक मृतकका परिजनलाई दुई लाख रुपियाँ अनि घाइतेहरुलाई 50-50 हजार रुपियाँको सहायता राशि दिइने घोषणा गर्नु भएको छ |

**आइसीसीईई परिणाम**

काउन्सिल फर दि इंडियन स्कूल सर्टिफ़िकेट ऍग्ज़ामिनेशनले आइसीसीई कक्षा १० र आइएससी कक्षा १२ को नतिजा घोषणा गरेको छ। १० औं परीक्षामा दुई लाख पचास हजारभन्दा बढी विद्यार्थीहरू सहभागी भएका थिए भने १२ औं परीक्षामा ९९ हजार पाँच सय ५१ विद्यार्थीहरू सहभागी भएका थिए। कक्षा १० मा महिला बिद्यार्थीहरुले ९९.३७ प्रतिशत अंक ल्याएर पुरुष

बिद्यार्थीहरु लाई उछिनेका छन् । जबकि ९८.८४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। अर्कोतर्फ, कक्षा १२ औं को परीक्षामा विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत ९८.६४ प्रतिशत रहेको छ। विद्यार्थीहरूले परीक्षा वेबसाइटहरू cisce.org र results.cisce.org मा परिणाम हेर्न सक्नेछन्|

**३१३ शिक्षक**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (GTA) अन्तर्गत नियुक्त ३१३ शिक्षकहरूलाई लिएर चर्चामा रहेको मुद्दाको सुनुवाइ आज कोलकाता उच्च न्यायालयमा भएको छ। आजको सुनुवाइमा न्यायालयले कुनै अन्तिम निर्णय नदिएपछि अर्को सुनुवाइ आगामी 17 जुन 2025 का दिन हुने भएको छ।जसिमुद्दीन मण्डल विरुद्ध राज्य सरकारसँग सम्बन्धित मुद्दाको सुनुवाइ न्यायाधीश विश्वजीत वासुको एकल इजलासमा भएको थियो।आजको सुनुवाइमा न्यायाधीशले कुनै अन्तिम निर्णय अथवा फैसला लिनुभएन। न्यायलयले अर्को सुनुवाइ आगामी 17 जुन 2025 का दिन हुने तय गरेको छ। यस मुद्दाले GTA अन्तर्गत शिक्षक नियुक्तिको वैधता र प्रक्रियामाथि गम्भीर प्रश्न उठाउँछ। न्यायालयको आदेश अहिलेसम्म सार्वजनिक गरिएको छैन भने सबै पक्ष पर्खाइमा छन्|

**डुवर्सेली गोर्खा भवन**

दार्जिलिङका सांसद राजु विष्टले डुवर्सेली गोर्खा भवनलाई 15 लाखको सहयोग प्रदान गर्ने घोषणा गर्नुभएको छ। सिलगढीमा बन्दै गरेको डुवर्सेली गोर्खा भवनको टोलीले आज दार्जिलिङका सांसद राजु विष्टलाई उनको मतिगडा स्थित निवासमा भेटघाट गर्यो।डुवर्सेली गोर्खा भवनलाई लिएर लामो चर्चा चलेपछि सांसद राजु विष्टले यसलाई असल कार्य बताउँदै 15 लाख रुपयाँ आर्थिक सहयोग प्रदान गर्ने घोषणा गर्नुभएको छ। आजको भेटघाटमा डुवर्सेली गोर्खा भवन निर्माण समितिका अध्यक्ष दावा बम्जन, महा-सचिव  प्रभात थापा लगायत अन्यको उपस्थिति रहेको थियो। यस भवन निर्माण कार्यको निम्ति सांसद राजु बिष्टले निजी कोषबाट 5 लाख अनि एमपीलेट कोषबाट 10 लाख रुपैयाँ दिने घोषणा पनि गर्नुभएको छ।

**पहलगाम आतंकी हमला**

पहलगाम आतंकी हमलाको विरोध जनाउँदै अनि दिवंगतहरूको आत्मशान्तिको कामना गर्दै रम्बी बजारमा क्यान्डल र्‍याली निकालियो। कालेबुङ जिल्लाको राष्ट्रिय राजमार्ग 10 अन्तर्गत रम्बी बजारमा स्थानीय युवाहरूले हिजो राति र्‍यालीको आयोजन गरेका थिए।  उक्त र्‍यालीमा स्थानीय युवक-युवती, संघ-संस्थाका प्रतिनिधि एवम्  समाजका गण्यमान्य व्यक्तिहरूको सहभागिता रहेको थियो।र्‍यालीमा सहभागी हुनेहरूले आतंकी हमलाको कड़ा निन्दा गर्दै आतंकीहरूविरुद्ध कड़ा कार्वाही गरिनुपर्ने माग गरे।स्मरण गराइन्छ, गत 22 अप्रेलको दिन जम्मू-कश्मीरको पहलगाममा पर्यटकहरूमाथि आतंकीहरूले गोली चलाउँदा 26 जनाको ज्यान गएको थियो भने धेरै घाइते भएका थिए।

**मिरिक - साहित्यकार सम्मानित हुने**

मिरिककी नारी हस्ताक्षर डा कमला तामाङ "शैली साहित्य सम्मान -2025 ले सम्मानित हुने भएकी छन्। "शैली साहित्य समाज" काठमाण्डौं नेपालद्वारा मिरिककी नारी हस्ताक्षर एवं साहित्य सुनौं परिवार मिरिकका कोषाध्यक्ष, "वसुधा" (भारतीय नेपाली नारी साहित्यिक मञ्च दार्जीलिङ) की सहसचिव - कवि, अनुवादक तथा सम्पादक डा. कमला तामाङलाई "शैली साहित्य सम्मान" - 2025 ले सम्मानित गरिने समाचार प्राप्त भएको छ। उहाँलाई 3 मई 2025 को दिन भव्य समारोहबीच सम्मानित गरिने जानकारी प्राप्त भएको छ।

**कालेबुङको मेला टार**

कालेबुङको मेला टारमा आगामी २, ३ र ४ मईको दिन विशेष धार्मिक अनुष्ठान "शान्ति पूजा आयोजना हुने जानकारी प्राप्त भएको छ। कार्यक्रमको तयारी पूर्ण रूपमा भइसकेको बताइएको छ।उक्त जानकारी  दुदजोम थ्रोइमा नाग्मो गनचक्रर पूजा कमिटीका मूलसचिव नरेन्द्र योञ्जनले दिएका हुन्। उनका अनुसार तीन दिने यस विशेष धार्मिक अनुष्ठानमा विभिन्न क्षेत्रबाट विशिष्ट धर्मगुरू, लेपेन, रिन्पोर्चेहरू, र लामाहरूको विशेष उपस्थिति रहनेछ। उनले पूजामा स्थानीय सँगै बाहिरी क्षेत्रका श्रद्धालुहरूको पनि उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको बताएका छन्|